# बुटवल उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
### ठेक्का बन्दोवस्तीका आधारमा फोहोर व्यवस्थापन सम्बन्धी
### बोलपत्र आव्हानको सुचना

(प्रथम पटक सुचना प्रकाशित मिति २०८१/२/२३ )

बुटवल उपमहानगरपालिका वडा नं. ९ र १० को घर, पसल, पेशा व्यवसायको फोहर संकलन तथा तोकिएका सडक, नाली र सार्वजनिक स्थान सफाई एवं ढुवानी र अन्तिम व्यवस्थापन गर्ने तथा फोहर उत्पादकसंग तोकिए बमोजिमको सेवा शुल्क असुली गर्ने कार्य आगामी ३ (तीन) वर्षका लागि ठेक्का बन्दोवस्ती गर्ने निर्णय भएको हुदा उक्त कार्य गर्न इच्छुक योग्यता पुगेका फर्म, कम्पनी, सामुदायिक संस्था, सम्बद्ध सहकारी, गैरसरकारी संस्थाहरुलाई विद्युतिय माध्यम (भ( द्यष्मभष्लन) बाट डाउनलोड गरी बोलपत्र फारम भरी पेस गर्नेगरी सबैको जानकारीको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरीएको छ ।

**कामको संक्षिप्त विवरण:**

बुटवल उपमहानगरपालिका वडा नं. ९ र १० को घर, पसल, पेशा व्यवसायको फोहोरमैला संकलन तथा तोकिएका नाली र सार्वजनिक स्थान सफाई एवं ढुवानी गरी अन्तिम व्यवस्थापन गर्ने तथा फोहोरमैला उत्पादकसंग तोकिए बमोजिमको सेवा शुल्क असुली गर्ने ।

**शर्त, नियम तथा प्रावधानहरु :**

१. बुटवल उपमहानगरपीलिका वडा नं. ९ र १० को फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि मासिक रु.१,८९,७६८। का दरले ३ वर्षको ठेक्का अंक रु.६८,३१,६४८ (अढसठ्ठी लाख एकतिस हजार, छ सय अडचालिस रुपैया) भ्याट सहित कायम गरिएको छ ।

२. विद्युतीय बोलपत्र खरिद गर्न बोलपत्रदाताले मिति २०८१/३/२० गतेसम्म कार्यालय समय भित्र आ.व.०८०/०८१ को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र एवं मूल्य अभिबृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र, विगत १ वर्षको कर चूक्ता प्रमाण पत्र र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी संलग्न राखी निवेदन साथ दस्तुर रु.३,०००/- (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैंक बुटवल खस्यौली शाखाको आन्तरिक श्रोत बुटवल उपमहानगरपालिका कार्यालयको कोड नं. ८०१०५४८०१ राजस्व खाता नं. ३१२०१००३०१०१०००२ जम्मा गरी वा अन्य बैंक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने एएःइ को ध्भदकष्तभस्जततउररधधधादयउिबतचबानयखालउ बाट म्यधलयिबम गरी खरिद गर्न सकिनेछ ।

३ खरिद भएको बोलपत्र मिति २०८१/३/२१ गतेसम्म दिनको १२:०० बजे भित्र विद्युतिय माध्याम (E-submitted) बाट बोलपत्र पेस गर्नु पर्नेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

४. बोलपत्रपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने दिन विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

५. बोलपपत्रदाताले बोलपत्रसाथ साथ आफुले कवोल गरेको ३ वर्षको रकमको ५ प्रतिशत बुटवल उपमहानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक बुटवल खस्यौली शाखाको आन्तरिक श्रोत बुटवल उपमहानगरपालिका कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भैचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ९० दिनसम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको नाममा जारी गरिएको (क) वर्गको वाणिज्य बैक जमानीपत्र (विडवण्ड) पेस गर्नु पर्नेछ ।

६. सूचना तथा बोलपत्रमा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानुन बमोजिम हूनेछ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सवीधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी थप जानकारीका आवश्यक परेमा कार्यालयको सरसफाई तथा फोहोरमैला व्यवस्थापन शाखामा सर्म्पक राख्न सकिनेछ ।

८. यो सूचना बुटवल उपमहानगरपालिकाको वेवसाईट www.butwalmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत
बुटवल उपमहानगरपालिका